आज मिति २०७९ साल साउन १९ गते बिहिबार बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँकार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | कार्यपालिका सदस्य | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ६. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ७. | श्री भुपाल सिंह तामाङ | कार्यपालिका सदस्य | |
| ८. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| ९. | श्री युवराज पहाडी | कार्यपालिका सदस्य | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११. | श्री मोहन बहादुर गौतम | कार्यपालिका सदस्य | |
| १२. | श्री पुण्यहरिभुजेल | कार्यपालिका सदस्य | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | क.मल्ला |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री राम कुमार कार्की | सचिव | |

सहजकर्ता: श्री जीतेन्द्र गिरी, अधिकृत छैठौं (प्रशासन)

श्री नारायण प्रसाद अधिकारी, सहायक पाँचौं

श्री चन्द्रिका थापा, कं.प्रा.

श्री तारानाथ अधिकारी, कं.प्रा.

Scanned with CamScanner

<table>
<tr><th>निर्णय नं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।</td><td>यस गाउँपालिकाको यस अघिमिति २०७९/०४/०७ मा बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>भूमिहीन सुकुम्वासी सम्बन्धी कार्यशाला गोष्ठी सम्बन्धमा ।</td><td>भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी सम्बन्धी कार्यशाला गोष्ठी भूमि आयोग सिन्धुली जिल्ला समन्वय समितिको सदस्यहरुको उपस्थितिमा यही मिति २०७९/०४/२८ गते शनिबार बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा हुने भएकोले वडा अध्यक्ष, वडा सचिव तथा वडाका सहायक कर्मचारीहरुको अनिवार्य उपस्थितिको लागि जानकारी गराउने ।</td></tr>
<tr><td>३</td><td>अपाङ्ग परिचयपत्र वितरण समितिलाई पूर्णता दिने सम्बन्धमा ।</td><td>अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ को दफा ६ बमोजिम गठित गाउँपालिका समन्वय समितिलाई पूर्णता दिन तपसिल बमोजिमका सदस्यहरु मनोनित गर्ने :<br>(१) गाउँपालिकाको महिला सदस्य मध्येबाट श्री गीता वोगटी<br>(२) गाउँपालिकाभरको माध्यमिक विद्यालयको प्रधानाध्यापक मध्येबाट वडा नं. ११ स्थित मा.वि. हलिडाँडाका प्र.अ.श्री प्रेम बहादुर पौडेल<br>(३) लाम्पनटार अस्पतालका प्रमुख चिकित्सक<br>(४) प्रहरी चौकी चकमकेका प्रमुख<br>(५) अपाङ्गता भएका संस्थाका प्रतिनिधि श्री राम बहादुर राउत, वडा नं. १<br>(६) उपाध्यक्ष ज्यूले तोकेको कर्मचारी श्री मान बहादुर समाल (सदस्य सचिव)</td></tr>
<tr><td>४</td><td>गाउँपालिका वा अन्तर्गतको कार्यालयमा रहेको रिक्त दरबन्दी पदपूर्ति गर्ने सम्बन्धमा ।</td><td>यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका निम्न बमोजिम दरबन्दी करारमा पदपूर्तिको लागि १५ (पन्ध्र) दिन अवधिको विज्ञापन आह्वान गर्ने ।<br><table><tr><th>सि.नं.</th><th>रिक्त दरबन्दीको प्रकार</th><th>तह</th><th>पद सङ्ख्या</th><th>कैफियत</th></tr><tr><td>१.</td><td>मेडिकल अधिकृत</td><td>आठौं</td><td>१ (एक)</td><td></td></tr></table></td></tr>
</table>



Scanned with CamScanner

मिति २०७९ साउन १९ गते बिहिबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

<table>
<tr><th>निर्णय नं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td></td><td></td><td><table>
<tr><td>२.</td><td>सूचना प्रविधि अधिकृत</td><td>छैठौं</td><td>१ (एक)</td><td></td></tr>
<tr><td>३.</td><td>MIS अपरेटर</td><td>पाचौं</td><td>१ (एक)</td><td></td></tr>
<tr><td>४.</td><td>असिस्टेण्ट सव इन्जिनियर</td><td>चौथो</td><td>८ (आठ)</td><td></td></tr>
<tr><td>५.</td><td>रेडियोग्राफर</td><td>पाचौं</td><td>२ (दुई)</td><td></td></tr>
</table></td></tr>
<tr><td>५</td><td>गाउँ विपद् व्यवस्थापन समितिलाई पूर्णता दिने सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको विपद् व्यवस्थापन ऐन, २०७७ को परिच्छेद-२ दफा ३ (२) (ठ) बमोजिम गाउँ विपद् व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्न गाउँ कार्यपालिकाको महिला सदस्यहरु श्री गंगामाया तामाङ र श्री युवमाया मस्राङ्गीलाई मनोनित गर्ने ।</td></tr>
<tr><td>६</td><td>रोजगार सहायकको छनौटको लागि विषय विज्ञ तोक्ने सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक, सहायकस्तर पाचौंको पदपूर्ति गर्न सङ्घीय सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत "स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८" को दफा परिच्छेद-२ दफा ३ बमोजिमको पदपूर्ति समितिमा विषय विज्ञको रुपमा श्री [illegible] ——लाई मनोनित गर्ने ।</td></tr>
<tr><td>७</td><td>नेपाल टेलिकमको टावर निर्माण सिफारिस सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको वडा नं. ९ स्थित खरुकीडाँडा र वडा न. ६ को थुम्कीटोलमा नेपाल टेलिकमको (चौथो पुस्ता) को टावर निर्माण गर्न जिल्ला कार्यालय सिन्धुली मार्फत नेपाल टेलिकम, केन्द्रीय कार्यालय, बवरमहल काठमाडौंमा सिफारिस पठाउने । साथै, गाउँपालिका केन्द्र आसपासमा समेत टेलिफोन नेटवर्कमा समस्या भएकोले आवश्यक व्यवस्था गर्नको लागि लेखी पठाउने ।</td></tr>
<tr><td>८</td><td>पोषण मैत्री स्थानीय शासन सम्वन्धमा ।</td><td>यस गाउँपालिकाका सबै वडाहरुलाई पोषणमैत्री वडा घोषणा गर्नको लागि आवश्यक सूचक, प्रगति तथा पूर्वाधारहरु अध्ययन गर्न सबै वडालाई निर्देशन दिने । सूचक अध्ययन पश्चात प्रतिवेदन प्राप्त भए पश्चात प्रथम चरणमा घोषणाको लागि वडा छनौट आगामी कार्यपालिका बैठकले गर्ने ।</td></tr>
</table>



Scanned with CamScanner

मिति २०७९ साउन १९ गते बिहिबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ९ | जग्गाको वर्गीकरण सम्बन्धमा । | संघीय सरकारको भूउपयोग ऐन तथा नियमावली बमोजिम यस गाउँपालिकाको जग्गाहरु वर्गीकरण गर्नको लागि एक जना भूमि विज्ञलाई आमन्त्रण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने । विज्ञले अध्ययन पश्चात प्रतिवेदन प्राप्त भए पश्चात यही मिति २०७९ साल साउन २७ गते कार्यपालिका बैठक बसी वर्गीकरण गर्ने । |
| १० | गाउँ शिक्षा समितिलाई पूर्णता दिने सम्बन्धमा । | यस गाउँपालिकाको स्थानीय शिक्षा ऐन को परिच्छेद-३ दफा १६ बमोजिम गठित गाउँ शिक्षा समितिलाई पूर्णता दिन निम्न बमोजिम गाउँ कार्यपालिका सदस्यहरुलाई मनोनित गर्ने:<br>(क) श्री पुण्यहरी भुजेल, वडा अध्यक्ष, वडा नं. १०<br>(ख) श्री तीलक बहादुर बस्नेत क्षेत्री, वडा अध्यक्ष, वडा नं. ११<br>(ग) श्री खड्ग बहादुर भुजेल, वडा अध्यक्ष, वडा नं. ०४<br>(घ) श्री तारादेवी श्रेष्ठ, कार्यपालिका सदस्य |
| ११ | प्रहरी चौकी चकमकेको स्तरवृद्धि सम्बन्धमा । | यस गाउँपालिकाको वडा नं. ११ स्थित लाम्पनटारमा गाउँपालिका कार्यालयको केन्द्र, १५ शैय्याको अस्पताल रहेको, नजिकको चकमके वजार गाउँपालिकाकै मुख्य व्यापारिक केन्द्र भएको तथा यस स्थान वरपर घना बस्ती रहेकोले सुरक्षा व्यवस्थापनको लागि प्रहरी चौकी चकमकेलाई इलाका प्रहरी चौकी (क) मा स्तरवृद्धिको लागि जिल्ला सुरक्षा समिति सिन्धुली मार्फत गृह मन्त्रालयमा सिफारिस गर्ने । |
| १२ | इलाका प्रहरी चौकी निर्माणको लागि जग्गा सम्बन्धमा । | स्तरवृद्धि भंई नयाँ निर्माण हुने इलाका प्रहरी चौकीको भवन निर्माणको लागि यस अघि गाउँपालिकाले निर्णय गरेको जग्गा वडा नं. ११ स्थित दुई फरक-फरक स्थानमा भएकोले भवन निर्माण तथा कार्यालय सञ्चालन गर्न कठीन हुने देखिएकोले सोही स्थानको ३०० मि. पश्चिमपट्टि तपसिल बमोजिम चार किल्ला रहेको अन्दाजी १० कठ्ठा जग्गा उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने :<br>पूर्वमा सिन्धुली-चकमके सडक |



Scanned with CamScanner

मिति २०७९ साउन १९ गते बिहिबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | पश्चिममा ढाँडेखेत चक्रपथ सडक<br>उत्तरमा चकमके हाटबजार<br>दक्षिणमा सन्दरफाँट भित्ताको असारे गैरा |
| १३ | प्रहरी बिट स्थापना सम्बन्धमा । | यस गाउँपालिकाको वडा नं. २ भिमस्थानमा प्रहरी चौकी नभएको, यस स्थानमा वहुमुखी क्याम्पस, वडा कार्यालय, स्वास्थ्य चौकी रहेको तथा यस स्थान व्यापारिक केन्द्र बन्दै गएकोले बैंक तथा वित्तीय संस्थाको शाखा कार्यालय स्थापना गर्न सुरक्षा व्यवस्थापनको लागि यस स्थानबाट नजिक वडा नं. १ स्थित वेलघारी प्रहरी चौकीको मातहतमा प्रहरी बिट स्थापनाको लागि जिल्ला प्रहरी कार्यालयमा सिफारिस गर्ने । |
| १४ | कक्षा १२ सञ्चालनको अनुमति सम्वन्धमा । | यस गाउँपालिकाको वडा नं. ६ को श्री चम्पादेवी माध्यमिक विद्यालय घ्याम्पा गडाम्रेलाई शैक्षिक सत्र २०७९ देखि कक्षा-१२ सञ्चालनको लागि अनुमति प्रदान गर्ने । |
| १५ | पुरानो भवन तथा मालसामान विक्रि तथा हस्तान्तरण गर्ने सम्वन्धमा । | १. यस गाउँपालिकाको वडा नं. ९ स्थित आम्बोटे स्वास्थ्य चौकीको पुरानो भवनको पुरानो जस्तापाता नियमानुसार लिलाम विक्रि गर्ने ।<br>२. वडा नं. ६ को मा.वि. गडाम्रेको पुरानो भवन सहित जस्तापाता लगायतको सामाग्रीहरु स्थानीय क्लबलाई हस्तान्तरण गर्ने ।<br>३. वडा नं. १ को प्राथमिक स्वास्थ्य केन्द्र बेलघारीको पुरानो जस्तापाता तथा काठपातहरु लिलाम विक्रिको लागि प्राविधिक समिति गठन गरी मूल्याङ्कन गर्ने ।<br>४. मा.वि. आम्बोटेको ट्रस भवन मलामी घर निर्माणको लागि हस्तान्तरण गर्ने ।<br>५. वडा नं. ५ को बालाजोर स्वास्थ्य चौकीको पुराना सामानहरु लिलाम विक्रि गर्ने । |



Scanned with CamScanner